# पूर्वेली मगर समाजको बिशिष्ट लोकप्रिय संस्कृति "हुर्रा नाच"



-संजोग लाफा मगर/सोम राना पाटली मगर

पूर्वतिरका मगरहरू आफ्नो आदिम थलो (पश्चिम नेपाल) बाट बसाई सराई हुदै वा पृथ्वीनारायण शाहको फौजमा भर्ति भइ राज्य एकिकरणको क्रममा छुट्टिएर बसोबास गर्दै आएको इतिहास साक्षि छ। मगराती समाज वा मगरजाति नेपाल अधिराज्यको सबैतिर छरिएर बसोबास गर्ने आदिवासी मध्येको बहुसंख्यक जाति हो। किरातबंशको एक सास्वा भनि चिनिन्ने मगर जाति पुड्का गठिला हातखुट्टा भएको बलियो सुरा र सोझा प्रबृतिका हुन्छन्।

आफ्नो संस्कृतिको धनि मानिने यो जातिभित्र बिभिन्न लोक संस्कृतिहरू पाइन्छन्। पहाडी धरातलमा रमाउने यो जाति पहाडी छाँगा, झर्ना र पहाडी जीवजन्तुहरूको नक्कल गर्दा गर्दै आफू पनि उक्त बातावरण संगसगै रउसे र फर्सैलो बन्न पुगेको कुरामा दुइ मत छैन। पहाडी माटोमा घुम्ने कमिला जस्तै आफू पनि घुमीघुमि नाच्नु वा "झा+म्हार " (झा=माटो, म्हार=कमिलो)बाट नै झ्याम्र्या हुदै नेपाली झ्याउरे उत्पति भएजस्तै मगरहरूको अर्को लोकगाथाको रूपमा अतिनै लोकप्रिय नाचको नाम हो हुर्रा। यो नाच पुर्वि नेपालको धनकुटा जिल्लाको तमोर नदी दक्षिण भेगमा बसोबास गर्ने मगरहरूको थलोलाई उत्पति थलो मानिन्छ। हाल धनकुटा, सुनसरी, झापा इलाम, पांचथर र उदयपुर जिल्ला तर्फ बढी लोकप्रिय भएको पाइन्छ। एकले अर्काको हात समातेर खुट्टालाई र जीउलाई गीत र मादलको ताल संग सगै तालमा ताल मिलाइ युवा, युवति, बुढा, बुढी र केटाकेटी जो सुकै पनि सम्मिलित भएर हाउ भाउका साथ उफ्रि उफ्रि नाच्ने नाचको नाम हो हुर्रा। यो नाच बिभिन्न तरिकाबाट नाच्न सकिन्छ। पहाडी धरातलको सानो गह्राहरूमा बन्ने घरहरूको सानो आगनमा यो नाच बृताआकार रूपमा नाचिन्छ, भने मादले र गीतको गुरूवा भने मुरली मजीरा घुंघुरूसाथ बृतको केन्द्रमा केन्द्रित भएर नाच नचाइ रहेका हुन्छन। त्यस्तै समतल ठूलो फाँटमा यो नाच लामो रेखाकार रूपमा नाचीएको हुन्छ यस बेला भने केटा केटी(रेनृजा, आरनाम)दोहरीको रूपमा दोहोरी (जुहारी) खेली रहेका तपाई पाउनु हुन्छ। चाहे चाडपर्व, मेलापात वा भोजभतेर भन्नुहोस या जात्रा पर्व जहापनि लोकप्रिय बाजा (मादल) भिर्ने र आफ्नो दौराको फेरोमा बाधेर राख्ने बाजा मुरली बोकेर हिड्ने मगरहरू उक्त बाजाका साथ हुर्रा संग सगै रमाउने गर्दछन्।

यो नाच कहिलेदेखि शुरू भयो र कहाँबाट शुरू भयो भन्ने बारे मगर बुढा पाका अनभिज्ञ रहेको पाइन्छ। यस नाचको बारेमा केही मगर बिद्वानहरूको छलफल र निरक्यौल पछि यो भन्न कर लाग्छकी यो नाच ज्यादै पुरानो नाच हो ,यसमा मगर. इतिहास लुकेको छ।

१) बेद धर्म अनुसार गुम्वामा राखिएको धर्म चक्र घुमाउने "माने" राखिन्छ। त्यस्तै बौद्धमार्गीहरूले सधै हातमा एउटा माने घुमाइ रहेको हुन्छ. त्यसलाई मगरहरूले आफ्नो भाषामा "धुररा" भन्दछन्। सधै धुररा घुमाउने खेतिपातिको काममा लागेका मगरहरूलाई फुर्सद कम हुने भएकोले पछिपछि बृतका रूपमा भुरूङ नाचे जस्तै नाच्दानाच्दै यो घुरराबाट हुर्रा नाचको उत्पति भएको हुनु पर्छ भन्ने मगर बिद्वानहरूको बलियो मत रहेको पाइन्छ।

२)त्यस्तै किरातहरूको एक हांगा भएको हुंदा उधौली उभौली वा सवै तल सबै उभो गनैलाई मगरहरू गोहार्की वा हुरास्की भन्दछन्। यसैवाटनै प्रभावित भइ तल माथि गर्ने नाचबाट विकसित भै हुर्रा विकास भएको पनि हुनसक्ने मगर विद्वानको मत रहेको पाइन्छ। किरातहरूको साकेवा सेली हालसम्म पनि ज्यादै लोकप्रिय रहदै आएको छ ,यसलाई चण्डी नाच पनि भनिन्छ। करीवकरीव साकेवा सेलीसंग मिल्दाजुल्दा नाच हुर्रा यसैबाट विकसित भएको हो भन्ने जस्तो देखिन्छ। तर मगरभाषामा हुल भएर नाच्नु वा, हिड्नुलाई होरोरो भनिन्छ। एक जमात भएर हातमा हात समाति नाचिने नाचलाई होरोरो भन्दा भन्दै हुर्रा नाम रहन गएको पनि हुन सक्ने विद्वानको मत रहेको पाइन्छ। यो नाचको नाम जसरी रहेपनि यो एउटा मगरहरूको अति लोकप्रिय संस्कृति अवस्था हो। यो नाच प्राय जसो तिहारको वेलामा केटाकेटी (रेनृजा, आरनाम) मादलको तालमा गाउदै देउसिरे संगसगै हुर्रा नाच्ने गरिन्छ।

३) रमाइलो मानेर वा खुशी प्रकट गर्दा हुर्रा वा हु र रं रं रा शब्द निकालिन्छ। र यो नाच पनि यस्तै खुशीयालीमा नाचीने भएकोले यस समूह नृत्यको नाम हुर्रा रहन गएको हुन सक्छ। भने अर्को तर्फ यो तर्क पनि दिन सकिन्छः- जाँडको एक परिकारलाई हुर्रे पनि भनिन्छ। मगरजाति र जाँड रक्सी एक अर्काका घनिष्ट मित्र हुन। जाँड खाएर मस्त रमाईलो मानेर नाचिने भएकोले यस नाचको नाम हुर्रै हुन गएको पो होकी किन कि यो नाच मगर जातिको आफ्नो आविस्कार वा विकाश हो।

पश्चिमबाट पूर्व तर्फ सर्दै आउदा अन्य समाजको वा जातिको सम्पर्कमा कतिपय मौलिक परम्पराहरू लोप हुदै गए भने कैयन संस्कृति, परम्परा मिस्रीत रूपमा रहन गएका छन्। फलस्वरूप पूर्वको मगरहरूले विकल्पमा एउटा समूह नृत्यको थालनी गरे, स्थानीय जाति लिम्बू र राई समाजको समिप्यतताले गर्दा लिम्बूजातिहरूको प्रचलित धान नाच र राईजातिहरूको प्रचलीत चण्डी नाचको प्रत्यक्ष प्रभाव परेको देखिन्छ। युवा युवतीले हातमा हात समाति खुट्टाको चाल मिलाएर उफ्रन्दै बृतकारमा उभिएर गाउदै नाचिन्छ। हातमा हात समाई पालाम गाउदै अघि पछि गर्दै नाचिने लिम्बूहरूको धान नाच हो भने खुट्टाको सिली टिपाई"स्टायल" राईजातिहरूको चण्डी नाच जस्तो देखिन्छ। तर राईहरूको सिली भन्दा फरक नै हुन्छ। पहिलोचोटी देख्ने बित्तिकै जोसुकै मानिसहरू लिम्बू र राईको समिश्रण नृत्य भनरे झुकिन्छन्।

यूवा /युवति प्रौढ हातमा हात एक अर्काको समाती मादल, मुरली, मजिरा, घुंघुरूको तालमा गोलाकारमा देब्रे खुट्टा अगाडि, दाहिने खुट्टा पछाडि राखि जव मादलकोताल ढीनृटाङ.२.........ढीनृटाङ् ३.........गरी बजाइन्छ। त्यही अनुसार दाहीने खुट्टा अगाडि पछाडि गर्दै बिस्तारै सारिन्छ, जव खुट्टा सारिन्छ, गोलाकार पनि सर्दै जान्छ। सुमधुर आवाजले युवा/ /युवतिमा एक प्रकारको आफसे आफ जोश बढाएर ल्याइदिन्छ। प्रायशः युवा/ युवतिहरू नाच्नेभएको हुनाले अधिक मात्रामा जुहारी खेलेको पाईन्छ। जुहारी मायाप्रितिको नै हुन्छ। जस्तै...

सिलगगडीबाट मालगाडी आयो बाटैमा लेट भयो
तिम्रो र हाम्रो संजोकले आज यो ठांउमा भेट भयो।
लौ लौ माया लौ लौ २ ..........देशै रमाइलो २

राईहरूको चण्डी नाचमा गीतको रहनी हुर्रा हा हा हा भने झैं हुर्रा नाचमा गीतको रहनी देशै रमाइलो भनेर भन्छन्। त्यस पछाडि गीतहरू कथेर गांउछन्। गीतहरू फरक फरक किसिमले

(बांकी १७ पेजमा)

2015 01 02

# हुर्रा................

गाइएको पाइन्छ। जस्तै :-

केटाः- काटीमा कुटी लै लै कौवाको मासु खाउँ भने घिन लाग्छ। देशै रमाइलो........................

बैनीको हातैमा लै लै सुनैको औंठी लाउँ भने रिन लाग्छ।

देशै रमाइलो........................

केटीः-तीरीमानी तीरी लै लै मुरली बज्यो बाँसको कप्टेरो ।

देशै रमाइलो ................

जानेको थिएन लै लै चिनेको थिएन बोलाउन अप्ठेरो।

देशै रमाइलो.............

यो नृत्यले पूर्वी भेगमा मगरजातिहरूलाई मरात्र नभइ अन्य जातिहरूमा समेत लोकप्रिय, आकर्षक भएको कारणले प्रभावित जातिका मानिसहरूसहित सामेल भइ नाच्न उत्सुक देख्विन्छन्। मगरहरूले यस समूह नृत्यमा सबैलाई स्वागत गर्दछन्। कसैप्रति छेक थुन गरिएको देख्विन्दैन। यस समूह नृत्यमा यतिनै संख्या रहने भन्ने कुनै नियम छैन । यो नाच विशेषतः- तिहारको औंसि देखि पूर्णीमा सम्म लगातार १५ दिन सम्म नाच्ने गरेको पाइन्छ। बैसाख्वेपूर्णीमा ,मेला, हाट बजार,लगायत अन्य पर्वहरूमा पनि नाच्ने गर्दछन्। यस नाचमा प्रयोग हुने बाधबादनक साधहरूमा मादल, मुरली, घुंघुरू, भ्याली तथा मुजुरानै मुख्य हुन। यो समूह नृत्य हुर्रा नाच हुर्रे नाचको नामले त्यस भेगका जातिहरूको जनजिब्रोमा प्रसिद्धि पाएको छ। ❋

2015 01 02

Raaha 1, nmbr 2, aswin/Chaitra 2051